ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
राप्ती उपत्यका(देउखुरी) नेपाल

लुम्बिनी प्रदेश सरकार

# उर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय

राप्ति उपत्यका (देउखुरी), नेपाल

## कार्यसम्पादन सम्झौता

प्रचलित नेपाल कानूनको अधिनमा रही प्रदेश सरकारको दीर्घकालीन सोचप्रति प्रतिबद्ध भई प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आत्मसात गरी आफ्नो कार्यक्षेत्र संग सम्बन्धित दिगो पूर्वाधार बिकास गर्दै आर्थिक अनुशासन, सार्वजनिक स्रोतको कुशल व्यवस्थापन तथा बिकास कार्यक्रमको दिगो, भरपर्दो, गुणस्तरीय र प्रभावकारी कार्यक्रम कार्यान्वयबाट कार्यालयको सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, सहभागितामूलक, नागरिकमैत्री, भ्रष्टाचारमुक्त, नतिजामुखी बनाई सुशासन कायम गर्न र मन्त्रालयको समग्र कार्य सम्पादनको स्तर बढाउन प्रदेश कार्य बिभाजन नियमावली, २०७९ बमोजिमको कार्यसम्पादन गर्न प्रदेश सुशासन ऐन, २०७६ को दफा १८ बमोजिम लुम्बिनी प्रदेश सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री विष्णु भण्डारी र जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, अर्घाखाँचीका निमित्त डिभिजन प्रमुख श्री भेषराज भुसाल बीच यो कार्यसम्पादन सम्झौता भएको छ।

### (क) कार्यसम्पादनको लक्ष्य तथा नतिजा सूचक

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | बार्षिक लक्ष्य | समय सिमा | नतिजा सूचक | कैफियत |
|---|---|---|---|---|---|
| १ | मझौला तथा बैकल्पिक प्रविधिमा आधारित सघन सिंचाई कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न हुने सिंचाई आयोजनाहरु | १५ वटा | असार मसान्त भित्र | १० वटा सिंचाइ योजनाहरू सम्पन्न भई २७ हे सिंन्चित क्षेत्र विस्तार सहित १५१ हे. कृषियोग्य भूमिमा सिंचाइ सुविधाको लागि सिंचाइ संरचनाको सुदृढीकरण हुने | |
| २ | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | ७२ वटा | असार मसान्त भित्र | ७२ वटा सिंचाइ प्रणालीहरूको मर्मत संभार भई २२७ हे मा भरपर्दो सिंचाई सुविधा पुगेको हुने | |
| ३ | जलासय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम | २ वटा | असार मसान्त भित्र | २ वटा सिंचाइ पोखरी संरक्षण भएको हुने | |
| ४ | जल उत्पन्न प्रकोप न्युनीकरण तथा व्यवस्थापन कार्यक्रम | १७ वटा | असार मसान्त भित्र | ०.५०५ कि.मि. मा नदि व्यवस्थापनको कार्य भई २ हे जोखिमयुक्त कृषियोग्य जमिन उकास र ३५३ हे जोखिमयुक्त कृषियोग्य जमिन संरक्षण भएको हुने | |

उप्रमु [signature]

सचिव [signature]

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
राप्ती ... (दाङ) नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सिंचाई सुविधा सुदृढीकरण | ३७८ हे | असार मसान्त भित्र | सिंचाइ प्रणाली सुदृढिकरण मार्फत ३७८ हेक्टर कृषि योग्य भूमिमा सिंचाइ सुविधा स्तरोन्नति भएको हुने | |
| ६ | थप सिंचाइ सुविधा विस्तार | २७ हे | असार मसान्त भित्र | २७ हे. सिञ्चित क्षेत्रफल थप विस्तार भएको हुने | |
| ७ | कार्यालयको बेरुजु फर्छ्यौट | १०० प्रतिशत | असार मसान्त भित्र | कार्यालयको सत प्रतिशत बेरुजु फर्छ्यौट भई शुन्य बेरुजु भएको हुने । | |
| ८ | गुनासो फर्छ्यौट | १०० प्रतिशत | असार मसान्त भित्र | सेवाप्रवाहका सम्बन्धमा कार्यालयको सत प्रतिशत गुनासो सम्बोधन भई सुशासनमा टेवा पुगेको हुने । | |

**(ख) कार्यसम्पादन सम्झौताका शर्तहरुः**

१. प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नीति तथा कार्यक्रम र वार्षिक विकास कार्यक्रममा यस कार्यालयको कार्यक्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनको कार्ययोजना श्रावण महिना भित्र तयार गरी मन्त्रालयमा पठाउने तथा कार्ययोजना वमोजिमका क्रियाकलापहरू सम्पादन गर्ने, गराउने।

२. सार्वजनिक खरिद सम्बन्धि ऐन/नियम, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, प्रदेश सुशासन ऐन, खर्चको मापदण्ड, वजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायतका प्रचलित कानूनको पालना गरी कार्य आफ्नो जिम्मेवारी अन्तर्गतको कार्य सम्पादन गर्ने, गराउने।

३. आफ्नो कार्यालयको बजेट तथा वार्षिक विकास कार्यक्रमको कार्यान्वयन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने, गराउने।

४. कार्यालयमा सुशासन कायम गर्ने, गराउने ।

५. मन्त्रालयले दिएका निर्देशनको पालना गर्ने, तथा कार्यान्वयन गर्ने, गराउने।

६. सम्झौतामा उल्लेख भए वाहेक अन्य सिर्जनात्मक तथा नवप्रवर्तनीय (Innovative) कार्यहरु समेत सम्पादन गर्न सकिनेछ । त्यस्ता कार्यहरुको सूची ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका प्रदेश सचिव समक्ष पेश गर्नुपर्नेछ ।

**(ग) कार्यान्वयन तथा अनुगमन सम्बन्धी व्यवस्थाः**

१. सम्झौताको अवधि २०८२ साउन १ गतेदेखि २०८३ असार मसान्तसम्म हुनेछ

सचिव

लुम्बिनी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

२. यसैसाथ संलग्न कार्यसम्पादन सूचकहरुको आधारमा कार्यसम्पादनको अवस्थामा पहिचान हुनेछ । कार्यसम्पादन प्रगतिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।

३. यसैसाथ संलग्न सूचकहरु बमोजिम आफूले गरेका कार्यहरु त्रैमासिक, अर्धवार्षिक रुपमा र आ.व. समाप्त भएको ७ (सात) दिनभित्र प्रदेश सचिव, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयमा कार्यसम्पादन मूल्याङ्कन फारामको साथ कार्यसम्पादन सम्झौताको स्वःमूल्याङ्कन प्रतिवेदन बुझाउनु पर्नेछ ।

४. कार्यसम्पादन सम्झौता अवधिमा अन्यत्र कार्यालय, निकाय वा शाखामा सरुवा तथा जिम्मेवारी हेरफेर भएमा नयाँ बहाल हुने कर्मचारीलाई आफु जिम्मेवार पद वा शाखाको कार्यसम्पादन प्रगति अवस्था, कार्यप्रकियाका बारेमा विस्तृत जानकारी सहित दैनिक डायरी, कार्यसञ्चालन कार्यविधि (TOR), संस्थागत स्मरण (Institutional Memory/Knowledge Note) लगायतका महत्वपूर्ण कागजातहरु हस्तान्तरण गर्नुपर्नेछ । सम्झौतामा उल्लेख भए अनुसारका बाँकी कार्यहरु सम्पादन गर्ने दायित्व नयाँ बहाल हुने कर्मचारीको हुनेछ ।

५. यस सम्झौतामा समावेश नभएका तर तत्काल कार्यसम्पादन गर्नुपर्ने अन्य कार्यहरु प्रदेश सचिव, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट निर्देशन भए अनुसार सम्पादन गर्नुपर्नेछ ।

६. कार्य सम्पादनको सिलसिलामा देखा परेका विभिन्न समस्या र चुनौतिको जानकारी समयमै मन्त्रालयमा गराउने तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई सम्पादन हुन नसकेका कार्यहरूको जानकारी समयमै दिनु पर्नेछ।

७. जनशक्तिको उपलब्धता र साधनस्रोतको आधारमा कार्यसम्पादन मूल्याङ्कनको मापन गरिने छ ।

८

............................
भेषराज भुसाल
नि.डिभिजन प्रमुख प्रमुख
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
अर्घाखाँची

............................
विष्णु भण्डारी
प्रदेश सचिव
ऊर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रालय
लुम्विनी प्रदेश

इति संवत् २०८२ साल श्रवण १६ गते रोज ६ शुभम्।